श्री

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९।०८० सालको निर्णय नं. २६३

पुनरावेदन नः- ०७७-RB-०१८८

पुनरावेदन दर्ताः-०७७।०६।२३

**मुद्दाः– मुल्य अभिवृद्धि कर (२०७३/०७४) ।**

ललितपुर जिल्ला धोविघाट न.पा. वडा नं. ३ मा रजिष्टर कार्यालय रहेको हाई जि. सिङ्ग ग्रुप प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त इन्द्र तुलाधर.............................१ } पुनरावेदक

**विरुद्ध**

श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट..................................................१
श्री आन्तरिक राजस्व कार्यालय, ललितपुर १..............................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व कार्यालय, ललितपुर १

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर अधिकृत श्री लाल बहादुर खत्री

शुरु निर्णय मिति : २०७५।०७।१८

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री बिनोद बहादुर कुँवर

निर्णय मितिः २०७६।१०।०८

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :- विद्वान बरिष्ठ अधिवक्ता श्री बालचन्द्र आचार्य

:- विद्वान अधिवक्ता श्री गोबिन्द सापकोटा

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट :- विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजिरः** x

पुनरावेदक कम्पनीका हकमा आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट मिति २०७५/०७/१८ मा भएको अन्तिम कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व

विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णयलाई नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम पर्न आएको प्रस्तुत पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. आन्तरिक राजस्व कार्यालय, ललितपुरको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री हाई जि सिङ ग्रुप प्रा. लि. को आ.व. २०७३।०७४ को कारोवारको पूर्ण कर परीक्षण गरी मिति २०७५।०५।२८ मा स्वीकृत कर लेखापरीक्षण प्रतिवेदनको आधारमा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २०(१) तथा मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २९(१)बमोजिम मूल्य अभिबृद्धि कर जरिवाना, थप दस्तुर र ब्याज समेत जम्मा रू.२४,०९,९४६।०० थप निर्धारण हुने गरी मिति २०७५।०५।२८ मा जारी गरिएको प्रारम्भिक कर निर्धारण आदेश।

२. आन्तरिक राजस्व कार्यालय, ललितपुर १ बाट मिति २०७५।०५।२८ मा जारी भएको सूचना करदाताले मिति २०७५।०६।१४ मा बुझी लिएको ।

३. करदाताले मिति २०७५।०६।१४ मा बुझिलिई सोको जवाफ १५ दिन भित्र मिति २०७५।०६।२८ सम्म पेश गर्नुपर्नेमा उक्त म्याद भित्र लिखित जवाफ पेश नगरेकोले आन्तरिक राजस्व कार्यालय, ललितपुर १ वाट मिति २०७५।०५।२८ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेशमा कुनै परिवर्तन गर्नुपर्ने देखिएन, त्यसैले करदाताको आ.ब. २०७३।०७४ को प्रारम्भिक कर निर्धारण आदेशानुसारको मू.अ.कर, जरिवाना, थप दस्तुर र ब्याज समेत जम्मा रु.२४,०९,९४६।०० (अक्षरूपी चौविस लाख नौ हजार नौसय छयालिस मात्र) र उक्त आदेशको मितिभन्दा पछिको लागि नियमानुसार लाग्ने थप दस्तुर र व्याज समेतको गणना गरी मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २०(१) तथा मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २९ (३) वमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी आन्तरिक राजस्व कार्यालय, ललितपुर १ बाट मिति २०७५।०७।१८ मा खडा भएको निर्णय पर्चा।

४. आन्तरिक राजस्व कार्यालय ललितपुर १ ले मिति २०७५।०७।१८ मा जारी गरेको आर्थिक वर्ष २०७३।०७४ को मूल्य अभिबृद्धि करतर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझाई करदाता श्री हाई जि सिङ्ग ग्रुप प्रा.लि. (स्थायी लेखा नम्बर ६०२३९७८७६) ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।०९।१९ मा आन्तरिक राजस्व विभागमा दिएको निवेदन ।

५. करदाताले ऐन नियमले तोके बमोजिम हिसाब समायोजन पनि नगरेको, कार्य ब्यस्तताको कारण ढिला विजक जारी गरेको भन्ने जिकिर मान्य नहुने, सामान बिक्री २०७३ मंसिर महिनामा भएको सोको विजक २०७४ असारमा मात्र प्राप्त भएको भन्ने जिकिर संग सहमत हुन नसकिने हुँदा हेर्दा निवेदकको जिकिर पुग्न नसक्ने भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागको मिति २०७६।१०।८ को निर्णय।

६. आन्तरिक राजस्व कार्यालय ललितपुर १ ले आ.व. २०७३।०७४ को कर परिक्षणको अनुसार मु.अ.कर रकम रु.१२,९३,१२०१।-, जरिवाना रकम रु.७,३८,८९९।-), थप दस्तुर रकम रु.१,५१,६३१। र ब्याज रु.२,२६,२९६।- समेत गरी जम्मा रकम रु.२४,०९,९४६।- (अक्षरुपी चौबिस लाख नौं हजार नौं सय छयालीस मात्र) कर निर्धारण गर्नु भएको निर्णयमा, आयात भएको सामान बिक्री पनि नभएको/मौज्दात पनि नदेखिएको, फर्महरूबाट सामान खरीद देखाएको तर सो सामान विक्री गरेको नदेखिएको तथा मौज्दातमा समेत नदेखिएको हुंदा विक्री भएको मानी मूल्य अभिबृद्धि कर निर्धारण गरिएको, अन्य थपघटतर्फ दावी गरेको मूल्य अभिवृद्धि कर क्रेडिटको पुष्ट्याई नभएको भनी मूल्य अभिबृद्धिकर थप भएको निर्णय सो निर्णयलाई सदर गर्ने गरी भएको आदेशमा लिईएको कानूनी आधार अव्यवहारिक र दोहोरो कर तिर्न बाध्य पार्ने गरी गरेको निर्णय कानूनी तथा व्यबहारीक रुपमै त्रुटी पूर्ण छ ।कर नतिर्ने र कर छल्ने नियत समेत नभएको प्रमाणबाट पुष्टी भईरहेको सन्दर्भलाई बेवास्ता गर्दै व्यवसायीलाई त्रसित गर्ने प्रवृत्ति स्वरुप अब्यबहारिक र कार्यान्वयन गर्न नसकिने किसिमको हामीलाई हराउने गरी गरेको निर्णयले मिसिलमा भएको प्रमाणलाई उपेक्षा गरिएकोले त्रुटिपुर्ण निर्णय बदर गरी बिभागमा प्रशासकीय पुनरावलोकन गर्दा राखेको धरौटी रकम फिर्ता पाउने गरी इन्साफ गरी पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७७/०६/२३ मा दर्ता भएको पुनरावेदन पत्र ।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७८।०४।२२ मा भएको आदेश ।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, प्रत्यर्थी आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट प्राप्त हुन आएको शुरु मिसिल लगायतका अन्य कागजातहरु समेत अध्ययन गरी पुनरावेदक करदाता हाई जि. सिङ्ग ग्रुप प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ता श्री बालचन्द्र आचार्य र विद्वान अधिवक्ता श्री

गोविन्द सापकोटाले आन्तरिक राजस्व कार्यालय, ललितपुर १ बाट भएको अन्तिम कर निर्धारण आदेश त्रूटिपूर्ण रहेको हुँदा सो आदेश बदर गरी पुनरावेदन मागदावी बमोजिम गरी पाउँ भनी तथा प्रत्यर्थीहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकीलको कार्यालय, काठमाडौंका विद्वान सहायक-न्यायाधिवक्ता श्री संगिता थोकरले आन्तरिक राजस्व कार्यालय, ललितपुर १ बाट भएको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व बिभागबाट भएको निर्णय समेत कानून सम्मत रहेको हुँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

९. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फका विद्वानहरुबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा आन्तरिक राजस्व कार्यालय, ललितपुर १ बाट पुनरावेदक करदाताको हकमा भएको मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारणको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१०. करदाताको पहिलो पुनरावेदन जिकीर कर विवरणको अन्य थपघट क्रेडिट दावी गरिएको रू.६,९२,७७६।- को क्रेडिट नपाउने गरी गरीएको निर्णय सम्बन्धमा देखिन्छ। शुरु कर कार्यालयको मिसिल अध्ययन गर्दा, २०७४ आषाढको मूल्य अभिबृद्धि कर विवरणको अन्य थपघटमा दाबी उक्त रकम रु.६,९२,७७६।- को कारण कर परीक्षणको समयमा स्पष्ट नगरेकोले थप कर निर्धारण किन नगर्ने भनी प्रारम्भिक कर निर्धारण आदेश जारी गरी च.न.३३१ मिति २०७५।५।२८ मा करदातालाई सूचना पठाएको र उक्त सूचना करदाताका आधिकारिक प्रतिनिधि ध्रुवराज भट्टराईले मिति २०७५।०६।१४ मा बुझिलिएको, सो आदेश जारी हुनु नपर्ने कुनै आधार र कारण सहितको जवाफ तोकिएको म्याद भित्र करदाताले कार्यालयमा पेश गरेको देखिएन। उक्त रकम मिति २०७४।२।३० मा श्री हाण्डान सिनामा कम्पनी लाई बिल नं. १२६ बाट बिक्री गरेको रकमको मूल्य अभिबृद्धि कर हो, बिक्री भएको सामान विविध कारणवश फिर्ता हुन आई उक्त बिल रद्द गरिएको र सोको मूल्य अभिबृद्धि कर समायोजन गरीएको भन्ने पुनरावेदन जिकिर लिएको भएतापनि त्यस्तो अवस्थामा मूल्य अभिबृद्धि कर नियमावली २०५३ को नियम २० बमोजिम क्रेडिट वा डेबिट नोट जारी गरी सोको मासिक लेखा राखुपर्नेमा करदाताले त्यस्तो गरेको जिकिर लिन सकेको देखिएन। यस स्थितिमा मूल्य अभिबृद्धि कर ऐन २०५२ को दफा २०(१) को खण्ड (क) र (ख) बमोजिम कर निर्धारण गर्न सक्ने नै देखिंदा शुरु निर्णय लाई अन्यथा भन्न मिलेन।

११. करदाताको दोश्रो पुनरावेदन जिकीर प्रज्ञापन पत्र नं. ४६३७ र ४९६५ बाट आयत भएको सामान मौज्दात सामानमा पनि नदेखिएको र बिक्री गरेको पनि नदेखिंएको हुंदा सो सामानमा मूल्य अभिबृद्धि समेत जोडी कर निर्धारण गरेको निर्णय त्रुटीपूर्ण रहेको भन्ने देखियो। यस सम्बन्धमा पनि शुरु कर कार्यालयले करदातालाई सुनुवाईको मौका दिएको र च.नं. ३३१ मिति २०७५।५।२८ को पत्र मार्फत पठाएको सुचना करदातालका अख्तियार प्राप्त प्रतिनिधि धुव्रराज भट्टराईले मिति २०७५।६।१४ मा बुझेको मिसिल संलग्न भरपाई बाट देखिन आयो। करदाताले सूचनाको म्यादभित्र कुनै जवाफ वा प्रमाण पेश गरी कर निर्धारण हुन नपर्ने कारण पुष्टी गर्न सकेको देखिएन। अहिले आएर निवेदकले आयात गरिएको सामान बिक्रि गरिएको तर कार्यव्यस्तताको कारणले आर्थिक वर्ष २०७४/०७५ मा मात्र बिक्री विजक जारी गरिएको भन्ने जिकिर लिएको पाईयो। मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १४ को उपदफा (१) मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिए वमोजिमको अवस्थामा बाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई विजक दिन पर्ने व्यवस्था गरिएको छ भने सोही ऐनको दफा ६ को उपदफा (२) को खण्ड (ख) मा वस्तुको आपूर्तिको हकमा प्रापकले आपुर्तिकर्ताको कारोबार स्थलबाट वस्तु उठाएको वा ग्रहण गरेको बखत नै त्यस्तो वस्तुको आपूर्ति भएको मानिने व्यवस्था गरेको हुंदा कार्यव्यस्तताको कारण जनाएर आ.व. २०७३/०७४ मा बिक्रि भएको सामानको आ.व. २०७४/०७५ मा मात्र विजक जारी गर्ने छुट करदातालाई ऐन नियमले दिएको पाईएन। त्यसैले मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २०(१) को खण्ड (ज) बमोजिम करदाताले विजक जारी नगरी वस्तु बिक्री गरेको पुष्टी भएकोले कर निर्धारण गरेको निर्णयलाई गैरकानुनी र त्रुटीपूर्ण भन्न मिलेन।

१२. करदाताको अन्तिम पुनरावेदन जिकिर श्री इटा उद्योग र HC Hardware बाट खरिद भएको सामान मौज्दातामा पनि नदेखाएको र बिक्री गरेको पनि नदेखाएको हुंदा रु ८,८८,२७९।- बराबरको सामानको मूल्यमा मूल्य अभिबृद्धि समेत जोडी कर निर्धारण गरेको निर्णय उपर लिएको देखियो। यस सम्बन्धमा आन्तरिक राजस्व कार्यालय ललितपुरले मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २०(५) बमोजिम दिएको सफाई पेश गर्ने सूचनाको अवधि भित्र सूचना बुझेर पनि करदाताले कुनै जवाफ वा प्रमाण पेश गर्न सकेको देखिदैन। अहिले आएर उक्त इटा तथा रडको बिक्री विजक आपूर्तिकर्ता फर्मले ढिला जारी गरेकोले एकपटक बिक्री भएको सामानलाई पुन; बिक्री गर्न नमिल्ने हुंदा कर निर्धारण गरेको त्रुटीपूर्ण भन्ने पुनरावेदन जिकिर लिएको देखिंयो। मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम वस्तुको आपूर्ति गर्दा अनिवार्य रुपामा विजक जारी गर्नुपर्ने र दफा ६(२) ले वस्तुको आपूर्तिको हकमा प्रापकले आपूर्तिकर्ता को कारोबार स्थलबाट वस्तु उठाएको वा ग्रहण गरेको बखत नै

वस्तु आपूर्ति भएको मानिने व्यवस्था गरेको सन्दर्भमा आपूर्तिकर्ता फर्मले ढिला विजक जारी गरेको, सामान बिक्री २०७३ मंसिर महिनामा हुने विजक २०७४ असारमा मात्र जारी भएको भन्ने जिकिर कानुनसम्मत नदेखिंदा यस सम्बन्धमा थप विवेचना गरिरहनु परेन।

१३. अतः माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट पुनरावेदक करदाता हाई. जि. सिङ्ग ग्रुप प्रा.लि. (स्थायी लेखा नं. ६०२३९७८७६) को आ.व. ०७३/०७४ को आन्तरिक राजस्व कार्यालय ललितपुरबाट मिति २०७५।०७।१८ मा मुल्य अभिवृद्धि कर निर्धारण गरेको निर्णय र त्यसलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।१०।०८ मा भएको निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकीर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

<u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौलाई दिनू।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरू मिसिल आन्तरिक राजस्व कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः- खेम कुमारी बस्नेत
कम्प्यूटर अपरेटरः- चन्द्र बहादुर नेपाली
फैसला मितिः- २०७९।१२।१३।२
प्रमाणीकरण गर्ने लेखा सदस्यः-
फैसला प्रमाणीकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप